# कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकका रुपक विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन


शोधार्थी

केशव घिमिरे

क्याम्पस क्रमाङ्क र शैक्षिक वर्ष : ०७१ (२०७०/०७१)

त्रिवि दर्ता क्रमाङ्क : ९-२-२१८-८५-२०१०

दोस्रो वर्षको परीक्षा क्रमाङ्क : २१८००१३


नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निमित्त प्रस्तुत शोधपत्र


त्रिभुवन विश्वविद्यालय

जनता बहुमुखी क्याम्पस

शिक्षाशास्त्र सङ्काय

नेपाली शिक्षा विभाग

इटहरी, सुनसरी

# स्वयम् घोषणा

म शोधार्थी केशब घिमिरे यो घोषणा गर्दछु । प्रस्तुत शोधपत्र मेरो मौलिक अनुसन्धान हो । शोधपत्रको कुनै अंश समेत मैले कहीँ कतैबाट हुबहु नक्कल गरेको होइन । आवश्यकता अनुसार सन्दर्भ स्रोत खुलाई पूर्वकार्यको प्रयोग गरेको छु । यदि कहीँकतैबाट हुबहु नक्कल गरेको प्रमाणित भए त्यसबाट आउने सबैखाले परिणामहरुको सामना गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । यस सम्बन्धमा पछि कहीँकतैबाट र कुनै किसिमको उजुर बाजुर गर्ने छैन ।

मितिः २०७९।०५।

....................................

शोधार्थी

नाम : केशब घिमिरे

☏०२५-५८००६४
☏०२५-५८१३००

# जनता बहुमुखी क्याम्पस
## इटहरी, सुनसरी
**स्थापना : २०४५**

(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि. परिषद्बाट सम्बन्धन प्राप्त)
विज्ञान, व्यवस्थापन, मानविकि तथा शिक्षाशास्त्र सङ्काय

प.स. :
च.स. : मिति : २०७९।०५।

---

**शोध निर्देशकको सिफारिस पत्र**

त्रिभुवन विश्वविद्यालय जनता बहुमुखी क्याम्पस शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग अन्तर्गत एमएड दोस्रो वर्षको विद्यार्थी केशब घिमिरेले नेपाशि ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **'कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकका रुपक विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन'** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । प्रस्तुत शोधपत्र सम्बन्धित तहका निमित्त उपयुक्त भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

............................

मिति: २०७९।०५।

शोध निर्देशक
नविन कुमार शर्मा
जनता बहुमुखी क्याम्पस
नेपाली शिक्षा विभाग
इटहरी, सुनसरी

☏०२५-५८००६४
☏०२५-५८१३००

# जनता बहुमुखी क्याम्पस
## इटहरी, सुनसरी
### स्थापना : २०४५

(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि. परिषद्बाट सम्बन्धन प्राप्त)
विज्ञान, व्यवस्थापन, मानविकि तथा शिक्षाशास्त्र सङ्काय

प.स. :
च.स. : मिति : २०७९।०५।गते ।

---

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाशि ५९८ पाठ्यांशको परिपूर्तिका लागि यस विभागका विद्यार्थी केशब घिमिरेले तयार पार्नु भएको **'कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकका रुपक विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन'** शीर्षकको शोधपत्र नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निमित्त उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| क्रसं नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| १) मदनराज बराल | विभागीय प्रमुख | .................. |
| २) .................................... | बाह्य परीक्षक | .................. |
| ३) नविन कुमार शर्मा | शोध निर्देशक | ................. |

मिति : विसं : २०७९।०५। गते ।

इसं : २२ मे २०१९

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालयको शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग अन्तर्गत नेपाली भाषा पाठ्यक्रमको स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको नेपाशि पाठ्यांश (५९८) को प्रयोजनका निम्ति तयार पारिएको हो । माध्यमिक तह कक्षा नौ र दशको पाठ्यक्रम (२०७१) अनुसार '**कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकका रुपक विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन'** शीर्षकको शोधपत्र नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निमित्त प्रस्तुत गरिएको छ । भाषा सिकाउनुको प्रमुख उद्देश्य भाषिक सीपमा अभ्यास गराउनु हो । भाषिक सीप विकासका लागि शब्द ज्ञानको अहम् भूमिका रहन्छ । त्यसकारण यस शोध शीर्षक अनुसार निबन्ध विधामा प्रयुक्त शब्दहरुको अध्ययन र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

यस शोध कार्यमा सामग्री सङ्कलन वा सङ्कलित सामग्रीबाट शोध कार्यलाई स्तरीय बनाई अन्तिम रुप दिन तथा शोधकार्यको सिलसिलामा बीच-बीचमा आई पर्ने विभिन्न समस्याको समाधानमा आवश्यक सल्लाह र सुझावका साथै शीर्षक चयनदेखि शोधपत्र लेखनसम्म सहयोग तथा सुझाव दिनु हुने शोध निर्देशक श्री नविन कुमार शर्माज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । नेपाली शिक्षा विभागका विभागीय प्रमुख श्री मदनराज बरालज्यू, क्याम्पस प्रमुख श्री भोजराज श्रेष्ठज्यू, सहायक क्याम्पस प्रमुख श्री टोलनाथ काफ्ले, आदरणीय गुरु श्री तीर्थराज भट्टराईज्यूप्रति कृतज्ञ छु ।

शोधपत्र टाइपिङ्गको लागि कम्प्युटर उपलब्ध गराई सहयोग गर्ने प्रकाशपुर डोभर इङ्गलिस एकेडेमीलाई समेत धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा जुनजुन लेखक, सम्पादक, प्रकाशक तथा पुस्तकालय सामग्रीहरुबाट सहयोग लिइएको छ ती सबै व्यक्ति तथा संस्थाप्रति र जो जो साथी भाइ आफन्त शुभचिन्तकहरुले प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्नु भएको छ उहाँहरु सबैप्रति साथै यस शोधपत्र निमार्णमा विषेश सहयोग गर्ने बोधराज निरौलाज्यूप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

२०७९, भदौ

## शोधसार

त्रिभुवन विश्वविद्यालय, जनता बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग अन्तर्गत नेपाली भाषा पाठ्यक्रमको स्नातकोत्तर तह (एमएड) दोस्रो वर्षको नेपाशि पाठ्यांश सङ्ख्या (५९८) को प्रयोजनको निम्ति माध्यमिक तह कक्षा नौ र दशको पाठ्यक्रम (२०७१) अनुसार **'कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकका रुपक विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन'** शीर्षकको शोधपत्र तयार पारिएको हो । उक्त भाषा पाठ्यपुस्तकको रुपक विधामा प्रयुक्त तत्सम शब्दहरुलाई वर्गीकरण गरी शब्द, वर्ग, व्युत्पति र अर्थका आधारमा सङ्क्षिप्त रुपमा अध्ययन र विश्लेषण गर्ने प्रयास गरिएको छ । यस शोध कार्यमा वर्तमान नेपाली किताबमा समावेस गरिएका रुपक विधाका शब्दभण्डारको अध्ययनको क्रममा स्रोतका आधारमा शब्दहरुलाई के कसरी वर्गीकरण गर्न सकिन्छ ? रुपकको सैद्धान्तिक स्वरुप के कस्तो रहेको छ ? रुपक विधामा प्रयुक्त के कस्ता तत्सम शब्दहरु रहेका छन् ? यिनै विषयको सेरोफेरोलाई शोध कार्यको समस्या कथनमा लिइएको छ ।

अनुसन्धान गर्नु एक जटिल कार्य हो । यसको पछाडि किन ? कसरी ? केका लागि ? भन्ने प्रश्न आउनु स्वभाविक हो त्यसैले अनुसन्धान उद्देश्यमा केन्द्रित रहनु पर्छ भन्नु नै हो । यस शोध कार्यको लागि निम्न बुँदाहरु अगाडि सारिएको छ : स्रोतका दृष्टिले शब्दहरुको वर्गीकरण गर्न, रुपक विधामा प्रयोग भएका तत्सम शब्दहरुको अध्ययन, विश्लेषण गर्ने, उद्देश्यको सेरोफेरोमा यो शोधपत्र केन्द्रित रहेको छ ।

खास गरेर अनुसन्धान गर्ने सवालमा विभिन्न विधिहरुको प्रयोग गरिएको पाइए तापनि शोध कार्यलाई अगाडि बढाउन उपयुक्त विधिको आवश्यक तथा छानोट गर्नु पर्ने भएको हुनाले यस शोधपत्रमा पुस्तकालय, सामान्य नमुना छनोट र विश्लेषण विधि अपनाइएको छ भने शोधपत्रको प्राथमिक स्रोतका रुपमा वर्तमान नेपाली पाठ्यपुस्तकलाई लिइएको छ । साथै द्वितीयक स्रोतमा नेपाली व्याकरण, नेपाली भाषा विज्ञानका पुस्तकहरु, विभिन्न शब्दकोश प्राध्यापकका सुझाव तथा निर्देशनलाई लिनुका साथै उक्त स्रोतहरुका आधारमा व्याख्या र विश्लेषण गरी नतिजा निकाल्ने प्रयास गरिएको छ ।

यस अनुसन्धानको अध्याय एकमा परिचय, दुईमा पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना, तीनमा अध्यायको प्रक्रिया तथा विधि, चारमा नतिजा, परिणाम र छलफल, पाँचमा निष्कर्ष, सुझाव तथा उपयोगिता गरी अनुसन्धान कार्य सम्पन्न गर्ने जमर्को गरिएको छ भने अध्याय शीर्षकको उद्देश्य अनुसार विषयवस्तु तथा तालिकाहरुलाई मिलाउने प्रयास समेत गरिएको छ । विषयसूची भद्धा नबनाई सटिक र सरल ढङ्गले राखिएको छ । अनुसन्धानलाई अझ सुसज्जित बनाउनको लागि तालिका सूची, चिन्ह सूची, रेखाचित्र सूची र सङ्क्षेप सूची समेत उल्लेख गर्नुका साथै परिशिष्ट र सन्दर्भ सामग्रीले यस शोधपत्रलाई उत्कृष्ट तुल्याउने समेत आशा लिइएको छ ।

सिकारु अध्ययन भएकाले यसमा थुप्रै कमीकमजोरी हुन सक्छन् तापनि यस कार्यले शब्दहरुको पहिचान तथा विश्लेषण गर्न, पाठ्यक्रम अनुरुप पाठ्यपुस्तक निर्माण र लागू गर्न, सन्दर्भ सामग्रीहरु तयार पार्ने जस्ता पक्षमा ठोस योगदान पुऱ्याउन सक्ने छ भन्ने विश्वास लिइएको छ । सम्बन्धित निकायहरुले यस शोधपत्रबाट प्राप्त निष्कर्ष सुझावको उपयोग गरेमा पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण र परिमार्जनका क्षेत्रमा साथै शब्दहरुको पहिचान र विश्लेषणमा अवश्यपनि केही न केही योगदान पुग्ने समेत आशा राखेको छु ।

# विषयसूची

**बिषयवस्तु** **पृष्ठ सङ्ख्या**

## अध्याय एक : परिचय


| | | |
|---|---|---|
| १.१. | पृष्ठभूमि | १-३ |
| १.२. | समस्या कथन | ३ |
| १.३. | अध्ययनको औचित्य तथा महत्त्व | ४ |
| १.४. | अध्ययनको उद्देश्य | ४ |
| १.५. | अध्ययनको परिसीमा | ५ |
| १.६. | पारिभाषिक शब्द | ५-६ |


## अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना


| | | |
|---|---|---|
| २.१. | पूर्वकार्यको समीक्षा | ७-१० |
| २.२. | पूर्वकार्यको उपयोगिता/कार्यान्वयन | १०-११ |
| २.३. | सैद्धान्तिक/धारणात्मक संरचना | ११-३५ |
| २.३.१. | सैद्धान्तिक/धारणात्मक संरचनाको परिचय | ११ -१९ |
| २.३.२. | नेपाली निबन्धको परिचय | १९-२० |
| २.३.३. | नेपाली निबन्धको परिभाषा | २०-२१ |
| २.३.४. | नेपाली निबन्धको वर्गीकरण | २१-२३ |
| २.३.५. | नेपाली शब्दको वर्गीकरण | २४-२५ |
| २.३.६. | वर्गीकरणका आधारमा शब्दहरुको परिचय | २५-३५ |

## अध्याय तीन : अध्ययनको प्रक्रिया/विधि


३.१. अध्ययनको संरचना ३४

३.२. जनसङ्ख्या र नमुना ३४

३.३. नमुना छनोट प्रक्रिया ३४

३.४. तथ्याङ्क सङ्कलनका साधन ३४

३.५. तथ्याङ्क सङ्कलनका प्रक्रिया ३५

३.६. तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया ३५-६९


## अध्याय चार : नतिजा/परिणाम र छलफल


४.१. नतिजा/परिणाम ७०-७१

४.२. छलफल र व्याख्या ७२


## अध्याय पाँच : निष्कर्ष, सुझाव तथा उपयोगिता


५.१. निष्कर्ष ७३

५.२. सुझाव ७३-७४

५.३. उपयोगिता ७४

५.३.१. नीतिगत तह ७५

५.३.२. कार्यान्वयन तह ७५

५.३.३. आगामी अनुसन्धानका लागि शीर्षक ७५-७६

सन्दर्भ सामग्री

परिशिष्ट

# सङ्क्षिप्त रुपसूची

| सङ्क्षिप्त रुप | पूर्णरुप |
|---|---|
| ने.बृ.श. | नेपाल बृहत शब्दकोश |
| अ.क्रि. | अकर्मक क्रिया |
| अव्य. | अव्यय |
| इ. | इत्यादि |
| उप. | उपसर्ग |
| क.क्रि. | कर्मवाच्य क्रिया |
| ना. | नाम |
| ना.यो. | नामयोगी |
| निपा. | निपात |
| नेपाशि. | नेपाली शिक्षा |
| प.स. | परसर्ग |
| प्रत्य. | प्रत्यय |
| वि. | विशेषण |
| सं. | संस्कृत |
| संयो. | संयोजक |
| स.क्रि. | सकर्मक क्रिया |
| सर्व. | सर्वनाम |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| उदा. | उदाहरण |
| क्रि.यो. | क्रियायोगी |
| पु. | पुलिङ्ग |
| स्त्री. | स्त्रीलिङ्ग |
| रा.शि.प.यो. | राष्ट्रिय शिक्षा पद्धति योजना |

# चिन्ह सूची

| प्रयुक्त चिह्न | अर्थ |
|---|---|
| - | विभाजक (विकल्प रुप) |
| / | विभेदक वैकल्पिक |
| ( ) | उदाहरण निर्देश |
| < | अगाडि देखाईएको व्युत्पन्न रुप |
| > | पछाडि देखाइएको व्युत्पन्न रुप |
| // | उच्चार्य स्वरुप |
| / | विभेदक/वैकल्पिक |
| = | तत्समान |
| ? | प्रश्न वाचक |
| ; | अर्ध विराम |
| , | अल्प विराम |
| ! | उद्गार/विस्मय चिह्न |
| ‘ ’ | एकल उद्धरण |
| । | पूर्ण विराम |
| “” | युगल उद्धरण |
| [ ] | प्रयोग उदाहरण |
| : | सापेक्ष चिन्ह |

## रेखाचित्र सूची

पृष्ठ

१) नेपाली निबन्धको वर्गीकरण १९

२) नेपाली शब्दको वर्गीकरण २२

३) कार्यका आधारमा नेपाली शब्दको वर्गीकरण २७

## तालिका सूची

पृष्ठ

१) निबन्धहरुको पाठगत तालिका ३५

२) नमुना छनोटका आधारमा 'म को हुँ' निबन्धमा प्रयोग भएका तत्सम शब्दहरु

३) नमुना छनोटका आधारमा 'जैविक खेति' निबन्धमा प्रयोग भएका तत्सम शब्दहरु

२) नमुना छनोटका आधारमा 'थाङ्का' निबन्धमा प्रयोग भएका तत्सम शब्दहरु ७०

३) नमुना छनोटका आधारमा 'हाम्रो संस्कृति' निबन्धमा प्रयोग भएका तत्सम शब्दहरु ७०

४) नमुना छनोटका आधारमा 'जय भुँडी' निबन्धमा प्रयोग भएका तत्सम शब्दहरु ७०

## स्तम्भ सूची

पृष्ठ

१) नमुना छनोटका आधारमा 'म को हुँ' निबन्धमा प्रयोग भएका तत्सम शब्दहरु

२) नमुना छनोटका आधारमा 'जैविक खेति' निबन्धमा प्रयोग भएका तत्सम शब्दहरु

३) नमुना छनोटका आधारमा 'थाङ्का' निबन्धमा प्रयोग भएका तत्सम शब्दहरु ७१

४) नमुना छनोटका आधारमा 'हाम्रो संस्कृति' निबन्धमा प्रयोग भएका तत्सम शब्दहरु ७१

५) नमुना छनोटका आधारमा 'जय भुँडी' निबन्धमा प्रयोग भएका तत्सम शब्दहरु ७१

# अध्याय एक : परिचय

## १.१. पृष्ठभूमि

कुनैपनि भाषाको विकासका निम्ति शब्दकोश निर्माण अनिवार्य सर्तका रुपमा रहन्छ । यसले भाषाको स्तरीकरण, मानकीकरण र विस्तारीकरणमा महत्वपूर्ण भूमिका खेल्दछ । त्यसैका माध्यमबाट शिक्षण सहज बन्दछ भने त्यसैबाट अनुवाद, रुपान्तरण, कृति सम्पादन, शब्द प्रयोग सम्बन्धी ज्ञान, भाषिक सीपको अभिवृद्धि आदि सुगम बन्दछन् । भाषामा प्रचिलित कुनै शब्दको शुद्ध हिज्जेबारे जानकारी लिन, प्रचलित उच्चारण थाहा पाउन, स्रोत र व्युत्पत्ति पत्ता लगाउन, व्याकरणात्मक कोटीको पहिचान गर्न, शब्द भण्डार अभिवृद्धि गर्न, भाषागत बोध र अभिव्यक्ति कौशलता विकास गर्न, शब्दको मूल र व्युत्पन्न रुप पहिचान गर्न लगायत सम्बन्धित भाषाको यथेष्ट जानकारी प्राप्त गर्न शब्द भण्डारको अत्यन्त महत्वपूर्ण भूमिका रहन्छ ।

भाषा परिवर्तनशील हुन्छ अर्थात् परिवर्तनशीलता नै जीवन्त भाषाको मुख्य विशेषता हो । भाषामा आउने यस्तो परिवर्तनसँगै शब्दकोशमा पनि परिवर्तन हुने गर्दछ । भाषामा नयाँ शब्दहरु आउने, कतिपय शब्दहरु भाषाबाट विस्तारै हराएर जाने, शब्दहरुको अर्थमा विभिन्न परिवर्तनहरु आउने अवस्था सिर्जना हुन्छन् । यसरी हेर्दा भाषामा भएका परिवर्तनलाई अध्ययन, विश्लेषण र मानकीकरण गर्ने क्रममा शब्दभण्डारको अध्ययनलाई महत्वपूर्ण रुपमा लिन सकिन्छ । भाषाका शब्दहरुलाई वर्णानुक्रम मिलाएर तिनको स्रोत, अर्थ र प्रयोग आदि सूचनालाई व्यवस्थित रुपमा प्रयोग गरिएको 'ग्रन्थ' नै शब्दभकोश हो । जसको अध्ययन, विश्लेषण र निर्माण गर्नु अत्यन्त जटिल एवम् चुनौतिपूर्ण कार्य हो ।

'शब्द' र 'कोश' दुई शब्दको योगबाट 'शब्दकोश' शब्दको निर्माण हुन्छ । यहाँ शब्द भन्नाले भाषाको आधारभूत एकाइ अर्थात् एक वा एक भन्दा बढी अक्षरहरु मिलेर बनेको सार्थक भाषिक एकाई भन्ने बुझिन्छ भने कोश भन्नाले समूह वा भण्डार भन्ने बुझिन्छ । यसरी हेर्दा शब्दकोशको व्युत्पत्तिगत अर्थ भाषाको आधारभूत एकाइ वा शब्दहरुको समूह वा शब्दभण्डार भन्ने आउँछ (न्यौपाने र अन्य, २०६९ : २९७) ।

# अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

## २.१. पूर्वकार्यको समीक्षा

यस अध्ययनलाई तथ्यपरक बनाउन र सैद्धान्तिक समर्थन जुटाउनका लागि कुनैपनि अध्ययन अनुसन्धान कार्यमा सहयोग पुऱ्याउन पूर्व अध्ययन अनुसन्धान कार्यको समीक्षा आवश्यक हुन्छ । यस अनुसन्धानलाई मूर्त रूप दिनको लागि यस पूर्व भएका यस अनुसन्धान सम्बन्धी अध्ययन अनुसन्धानसँग नजिक भई विश्लेषण गरी निर्ष्कष निकाल्नु पर्ने हुन्छ । यो शोधपत्रलाई विशिष्ट र उल्लेखनीय बनाउनका लागि विभिन्न पाठ्यपुस्तक, विभिन्न अनुसन्धान प्रतिवेदन, लेख, रचना, सन्दर्भ सामग्री अध्ययन गरी समीक्षा गरिएको छ । हुनत विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दका बारेमा पर्याप्त अध्ययन अनुसन्धान भएका छन् । विगतमा भएका अनुसन्धानले वर्तमानमा गरिने शोध वा अनुसन्धानमा मार्ग दर्शकको भूमिका निर्वाह गरिरहेका हुन्छन् । विगतमा भएका यस्ता अनुसन्धान कसरी गरिए, के कस्ता विधि अपनाएर गरिए अनि अध्ययनको क्रममा के कस्ता समस्याहरु देखा परे भन्ने कुरामा पूर्वकार्यको अनुसन्धानबाट नै थाहा हुन्छ । त्यसैले कुनैपनि अनुसन्धान गर्नुभन्दा पहिले त्यो विषयमा के कस्ता अनुसन्धान भएका छन् भनी अध्ययन गर्नु उचित हुन्छ । तिनीहरुले मार्गदर्शनको काम गरिरहेका भए तापनि पर्याप्त चाहिँ अवश्य छैनन् । तिनै अध्ययनसँग मेल खाने सिद्धान्तहरुमा आधारित भई हालसम्म भएका केही अध्ययन अनुसन्धानहरुलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :

खड्का (२०६७) ले **'कक्षा एघारको सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन'** शीर्षकमा अध्ययन अनुसन्धान गरेकी हुन् । यस अध्ययनमा कक्षा एघारको कथा विधामा प्रयुक्त तत्सम शब्दहरुको अर्थ, व्युत्पत्ति, पाठ, शब्दवर्ग तथा पृष्ठको अवस्था के कस्तो रहेको छ; त्यसलाई केलाएर प्रस्तुत गरेकी छन् । तत्सम शब्दको व्युत्पत्ति, अर्थ, शब्दवर्ग तथा पृष्ठको उल्लेख गर्नु यो अध्ययनको उद्देश्य रहेको छ । यसमा पुस्तकालयीय तथा खोज अनुसन्धान विधिको प्रयोग गरेको पाइन्छ । यो कार्य तत्सम शब्दको अध्ययनका लागि महत्वपूर्ण मान्न सकिन्छ ।

## अध्याय तीन : अध्ययनको प्रक्रिया/विधि

### ३.१. अध्ययनको संरचना

**'वर्तमान नेपाली भाषा पाठ्यपुस्तकको निबन्ध विधाको शब्द भण्डारको अध्ययन'** शीर्षकको शोधकार्यमा निबन्ध विधामा प्रयुक्त तत्सम, तद्भव र आगन्तुक शब्दहरुको प्रकृति, बनोट, शब्द र अर्थ पाठको शीर्षक र पृष्ठका आधारमा विश्लेषण गरिएको छ । यसमा पुस्तकालयीय विधि र वर्णनात्मक विधिलाई प्रमुख विधिका रुपमा अपनाइएको छ ।

### ३.२. जनसङ्ख्या र नमुना

कक्षा दसको नेपाली भाषा पाठ्यपुस्तकको निबन्ध विधाको शब्द भण्डारको अध्ययनका लागि जनसंख्या नमुनाको रुपमा तीन वटा निबन्ध विधामा प्रयुक्त पाँच सय पच्चिस शब्दलाई लिइएको छ भने तत्सम, तद्भव र आगन्तुक शब्दहरुलाई मात्र प्रयोग गरिएको छ । यसरी गरिने अनुसन्धान पुस्तकालयीय विधि भएकाले यसमा जनसङ्ख्या र नमुना शीर्षक खासै प्रभावकारी देखिन्न ।

### ३.३. नमुना छनोट प्रक्रिया

नेपाली भाषा पाठ्यपुस्तकको निबन्ध विधाको शब्द भण्डारको अध्ययनका लागि निबन्ध विधामा प्रयुक्त तत्सम, तद्भव र आगन्तुक शब्दहरुको नमुना छनोट गर्दा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गर्दै आवश्यकता अनुसार पुस्तकालयीय विधि समेत अपनाइएको छ ।

### ३.४. तथ्याङ्क सङ्कलनका साधन

खास गरेर अनुसन्धान कार्यमा तथ्याङ्क सङ्कलन गर्दा प्राथमिक र द्वितीयक स्रोतका आधारमा तथ्याङ्क सङ्कलन गरिन्छ । यस अनुसन्धानमा विशेष गरी प्राथमिक स्रोतमा कक्षा दशको वर्तमान नेपाली भाषा पाठ्यपुस्तक र द्वितीयक स्रोतमा कक्षा दशको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम, तद्भव र आगन्तुक शब्दहरुको प्रकृति, बनोट, वर्ग र अर्थ विश्लेषण गरिने हुँदा नमुना छनोट विधि र पुस्तकालय विधि अपनाइएको छ ।

# अध्याय चार : नतिजा/परिणाम र छलफल

## ४.१. नतिजा/परिणाम

यस शोध कार्यमा कक्षा दशको निबन्ध विधाको शब्द भण्डारको अध्ययन र विश्लेषण गर्ने क्रममा सङ्कलन गरिएका द्वितीयक तथ्याङ्कका आधारमा प्रस्तुत थाङ्का, हाम्रो संस्कृति र जय भुँडी निबन्धमा प्रयोग भएका शब्दहरुको नमुना छनोटको आधारमा तत्सम, तद्भव र आगन्तुक शब्दहरुको अध्ययन र विश्लेषण निम्न अनुसार गरिएको छ :

**क) नमुना छनोटका आधारमा 'थाङ्का' निबन्धमा प्रयोग भएका सङ्कलित शब्दहरु**

| **क्रसं.** | **शब्द स्रोत** | **शब्द संख्या** |
|---|---|---|
| १ | तत्सम शब्दहरु | ८३ |
| २ | तद्भव शब्दहरु | ६४ |
| ३ | आगन्तुक शब्दहरु | २८ |

**ख) नमुना छनोटका आधारमा 'हाम्रो संस्कृति' निबन्धमा प्रयोग भएका सङ्कलित शब्दहरु**

| **क्रसं.** | **शब्द स्रोत** | **शब्द संख्या** |
|---|---|---|
| १ | तत्सम शब्दहरु | ७७ |
| २ | तद्भव शब्दहरु | ७४ |
| ३ | आगन्तुक शब्दहरु | २२ |

**ग) नमुना छनोटका आधारमा 'जय भुँडी' निबन्धमा प्रयोग भएका सङ्कलित शब्दहरु**

| **क्रसं.** | **शब्द स्रोत** | **शब्द संख्या** |
|---|---|---|
| १ | तत्सम शब्दहरु | ७७ |
| २ | तद्भव शब्दहरु | ७८ |
| ३ | आगन्तुक शब्दहरु | २२ |

# अध्याय पाँच : निष्कर्ष, सुझाव तथा उपयोगिता

## ५.१. निष्कर्ष

नेपाली भाषाका शब्द भण्डारहरु तत्सम, तद्भव, आगन्तुक र अनुकराणत्मक हुन् । त्यस मध्ये तत्सम, तद्भव र आगन्तुक शब्दको स्थान महत्वपूर्ण रहेको छ । यस शोध पत्र तयार पार्ने क्रममा नेपाली भाषा पाठ्यपुस्तक कक्षा दश को निबन्ध र निबन्ध विधामा प्रयुक्त तत्सम, तद्भव र आगन्तुक शब्दहरुको नमुना छनोटका आधारमा द्वितीय तथ्याङ्को सहायताबाट अध्ययन र विश्लेषण गरिएको छ भने सो अध्ययनबाट प्राप्त निष्कर्षलाई बुँदागत रुपमा निम्न अनुसार देखाउन सकिन्छ :

क) नेपाली साहित्यका गद्य र पद्य भेदहरु मध्ये निबन्ध गद्य विधा अन्तर्गत पर्दछ ।

ख) नेपाली निबन्धको परिचय र परिभाषालाई स्पष्ट पारिएको छ ।

ग) नेपाली शब्दको परिचय र वर्गीकरणको अधारलाई प्रष्ट पारिएको छ ।

घ) नेपाली शब्दको स्रोत, बनोट, रुपायन र कार्यका आधारमा शब्दहरुको वर्गीकरण गरिएको छ ।

ङ) वर्तमान नेपाली भाषा पाठ्यपुस्तक कक्षा दशको थाङ्का, हाम्रो संस्कृति, जय भुँडी विबन्ध विधामा रहेका तत्सम, तद्भव, र आगन्तुक शब्दहरुको नमुना छनोटको आधारमा शब्द, शब्द वर्ग, शब्दको व्युत्पादन र शब्दको अर्थ खोज्ने प्रयास गरिएको छ ।

च) स्तरण, छनोट र नमुना छनोटको आधारमा तत्सम, तद्भव, र आगन्तुक शब्दहरुको सङ्ख्या तालिकीकरण र स्तम्भ चित्रबाट देखाइएको छ ।

छ) थाङ्का, हाम्रो संस्कृति, जय भुँडी विबन्ध विधामा तत्सम नाम शब्दको प्रयोग बढी छ भने सो भन्दा कम तद्भव नाम शब्द र आगन्तुक शब्द अझ कम रहेको देखिनुले समग्रमा नामपदको शब्दहरुनै बढी भएको देखिन्छ ।

## ५.२. सुझाव

कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त तत्सम, तद्भव, र आगन्तुक शब्दहरुको अध्ययन र विश्लेषणबाट निकालिएको निष्कर्षका आधारमा निम्न लिखित सुझावहरु प्रस्तुत गरिएको छ :

# सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज र वद्री विशाल भट्टराई (२०७०), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौँ : विद्यार्थी प्रकाशन ।

आत्रेय, विष्णुराज (२०६९), **संस्कृत - नेपाली - अंग्रेजी तद्भव शब्दकोश,** काठमाडौँ : विद्यार्थी प्रकाशन ।

गौतम, बालकृष्ण (२०६६), **कक्षा पाँचमा दोस्रो भाषाका रुपमा नेपाली अध्ययन गर्ने विद्यार्थीहरुको चिठ्ठी लेखन क्षमताको अध्ययन** (अप्रकाशित एम. एड. शोधपत्र), काठमाडौं : नेपाली शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

गौतम, अमृता (२०७२), **कथा विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन** (अप्रकाशित एमएड शोधपत्र) जनता बहुमुखी क्याम्पस, इटहरी : नेपाली विभाग, त्रिभुवन विश्वविद्यालय ।

चापागाई, नरेन्द्र (२०६४), **नेपाली शब्द भण्डार,** विराटनगर : श्याम पुस्तक भण्डार ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दहाल (२०६७), **नेपाली भाषा शिक्षण,** काठमाडौँ : एम. के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

त्रिपाठी, सुधा, धनप्रसाद सुवेदी र रामप्रसाद ज्ञवाली (२०७४), **नेपाली किताब (कक्षा-१०),** भक्तपुर : नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र ।

दाहाल, शान्ता (२०६७), **कक्षा एघारको सबैको नेपाली पाठ्य पुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** (अप्रकाशित एमएड शोधपत्र) जनता बहुमुखी क्याम्पस, इटहरी : नेपाली विभाग, त्रिभुवन विश्वविद्यालय ।

नेपाल सरकार (२०७१), **माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०),** भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार, शिक्षा मन्त्रालय (२०६८), **नेपाली किताब (कक्षा १०),** भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

न्यौपाने, टंकप्रसाद, पारसमणि भण्डारी, दीपक न्यौपाने, तुल्सीराम घिमिरे (२०६९), **सामान्य भाषा विज्ञान,** कीर्तिपुर : सनलाइट प्रकाशन ।

पोखरेल, शुष्मा (२०७१), **स्नातक नेपालीका निबन्ध विधाको तद्भव र आगन्तुक शब्दको अध्ययन** (अप्रकाशित एमएड शोधपत्र) जनता बहुमुखी क्याम्पस, इटहरी : नेपाली विभाग, त्रिभुवन विश्वविद्यालय ।

पौडेल, माधवप्रसाद (२०७०), **अनुकरणात्मक नेपाली शब्दकोश,** काठमाडौँ : विद्यार्थी प्रकाशन ।

बन्धु, चूडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०७१), **नेपाली गद्य र नाटक,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि, यादवप्रकाश लामिछाने र तुलसीराम घिमिरे (२०६५), **साधारण नेपाली व्याकरण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, गोपाल (२०६६), **कक्षा पाँचको नेपाली पाठ्य पुस्तकमा समाविष्ट तत्सम शब्दको अध्ययन** (अप्रकाशित एमएड शोधपत्र) सुकुना बहुमुखी क्याम्पस, सुकुना : नेपाली विभाग, त्रिभुवन विश्वविद्यालय ।

लम्साल, रामचन्द्र र वासुदेव गौतम (२०६५), **सामान्य र प्रयोगिक भाषा विज्ञान,** काठमाडौँ : भूँडीपुराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश, तीर्थराज भट्टराई, मदनराज बराल र बालकृष्ण गौतम (२०६९), **भाषिक अनुसन्धान विधि,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश, तीर्थराज भट्टराई, मदनराज बराल र बालकृष्ण गौतम (२०७०), **सामान्य भाषा विज्ञान,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

वराल, टीकादत्त (२०६८), **तत्सम नेपाली व्युत्पत्ति शब्दकोश,** काठमाडौँ : विद्यार्थी प्रकाशन ।

शर्मा एण्ड शर्मा (२०७६), **शिक्षाको दर्शनशास्त्रीय एवं समाजशास्त्रीय आधार,** काठमाण्डौँ : एम. के. पब्लिकेशन एण्ड डिष्ट्रीब्युटर्स ।

## परिशिष्ट (क)

### कक्षा दशको नेपाली किताबको विधाको क्षेत्र तथा क्रम र विस्तृतीकरण (पाठ्यक्रम २०७१)

| क्र.सं. | विधा | क्षेत्र | भाषा तत्व | अभिव्यक्ति |
|---|---|---|---|---|
| १ | कथा | पौराणिक कथा | सामान्य धातु, नाम धातु, प्रेरणार्थक धातु तथा निपात र विस्मयादिबोधकको पहिचान र प्रयोग | बोध अनुमान र घटना वर्णन तथा दुर्व्यसन र लागु औषधिका बारेमा अभिव्यक्ति |
| २ | कविता | नीति प्रधान संस्कृति प्रधान | वर्ण विन्यास र धातु रूपावली तथा लेख्य चिह्नको प्रयोग | लैङ्गिक भूमिका तथा समताका बारेमा अनुच्छेद रचना |
| ३ | जीवनी | राष्ट्रिय | क्रियायोगी, नामयोगी र संयोजकको पहिचान र प्रयोग | राष्ट्रिय जीवनमा ख्याति प्राप्त व्यक्तित्वको जीवनी लेखन |
| ४ | निबन्ध | प्राविधिक/ व्यावसायिक | नाम, सर्वनाम, विशेषण र क्रियापदको पहिचान र प्रयोग | वैज्ञानिक तथा व्यावसायिक विषयमा निबन्ध रचना |
| ५ | रूपक | मनोवाद | मूल शब्दको पहिचान र प्रयोग तथा वर्तमान र भविष्यत् काल | विश्लेषणात्क र आलोचनात्मक सोच सहितको मनोवाद रचना |
| ६ | चिठी | व्यापारिक चिठी | वर्ण विन्यासको प्रयोग, भूत कालको पहिचान र प्रयोग | व्यापारिक चिठी, निमन्त्रणा पत्र र शुभ कामना लेखनका व्यावहारिक अभिव्यक्ति |
| ७ | कथा | सामाजिक | अपूर्ण पक्षको पहिचान र प्रयोग | कथाका घटना तथा संरचनाको वर्णन तथा मनोरञ्जनमा आधारित रचना |
| ८ | कविता | प्रकृति प्रधान | व्युत्पन्न शब्द तथा क्रियापदको पहिचान र प्रयोग | पर्यावरणीय समस्यामा आधारित अनुच्छेद रचना |
| ९ | निबन्ध | सांस्कृतिक | समस्त र द्वित्व शब्दको पहिचान र प्रयोग, वर्ण विन्यासको प्रयोग | राष्ट्रिय संस्कृतिको पहिचानपरक अभिव्यक्तिका लागि निबन्धलेखन |
| १० | रूपक | वाद विवाद | वाक्यका प्रकारको पहिचान र प्रयोग तथा पूर्ण पक्ष | तार्किक र आलोचनात्मक सोच सहितको वाद विवाद लेखन |
| ११ | कथा | मनोवैज्ञानिक | वर्ण विन्यास, पद सङ्गति (लिङ्ग, वचन, पुरुष र आदर), | सारांश लेखन तथा कथामा आधारित प्रश्न |

| | | | भाव (अर्थ) | निर्माणको सिप |
|---|---|---|---|---|
| १२ | जीवनी | अन्तर्राष्ट्रिय/ विचारक | लिङ्ग, वचन, पुरुष, आदर, करण अकरण, काल र पक्षका आधारमा वाक्य परिवर्तन | जीवनीका घटना र संरचनाको वर्णन तथा हिमाल यात्राका बारेको रोमाञ्चक रचना |
| १३ | निबन्ध | सामाजिक | वाक्यका प्रकारको पहिचान र प्रयोग तथा वर्ण विन्यासको प्रयोग | सामाजिक विषयमा निबन्ध रचना |
| १४ | कविता | समाज प्रधान | वर्ण विन्यास तथा वाक्य संश्लेषण र विश्लेषण | सिर्जनात्मक र आलोचनात्मक सिपका लागि अनुच्छेद रचना |
| १५ | रूपक | एकाङ्की | कारक र विभक्तिको पहिचान र प्रयोग | समसामयिकता अभिव्यक्त हुने गरी युवा र वृद्धका बारेमा संवादको रचना |
| १६ | कथा | सामाजिक | वर्ण विन्यासको प्रयोग तथा वाच्य परिवर्तन | निर्देशित र स्वतन्त्र रूपमा कथा लेखन |

## परिशिष्ट (ख)

## कक्षा दशको नेपाली किताबको भाषिक क्षेत्र र अङ्क भार वितरण (पाठ्यक्रम २०७१)

| क्र.सं | क्षेत्र (पढाइ र लेखाइ) | विधा | अङ्क भार |
|---|---|---|---|
| १ | शब्द भण्डार | शब्द पहिचान शब्दहरूको वाक्यमा प्रयोग | ६ |
| २ | वर्ण विन्यास | शुद्धीकरण | ३ |
| ३ | व्याकरण | पहिचान र प्रयोग (वाक्य कोटि अनुसारको रचना) | १५ |
| ४ | पठन बोध | विभिन्न विधाका गद्य सामग्री | १० |
| ५ | बुँदा टिपोट र सारांश | गद्य विधा | २+३ |
| ६ | निर्देशित रचना | कथा/जीवनी वा संवाद/वाद विवाद/चिठी | ४ |
| ७ | भाव विस्तार/व्याख्या/सप्रसङ्ग व्याख्या | कथा/कविता/निबन्ध/जीवनी | ४ |
| ८ | पाठगत बोध (सन्दर्भमा आधारित सङ्क्षिप्त उत्तरात्मक) | कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी तार्किक शिल्प/ समस्या समाधान | ८+४ |
| ९ | पाठगत बोध (सन्दर्भमा आधारित लामो उत्तरात्मक) | कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी | ८ |
| १० | स्वतन्त्र रचना | निबन्ध | ८ |
| ११ | सुनाइ र बोलाइ | यसअन्तर्गत सुनाइ र बोलाइ मापनमा आधारित प्रश्नहरू सोधी विद्यार्थीको सुनाइ र बोलाइ सिपको परीक्षण गर्नुपर्ने छ। | २५ |
| **जम्मा** | | | १०० |

# परिशिष्ट (ग)

## विद्यालय तह कक्षा  दशको विषयगत पाठ्यक्रम २०७१

| क्र.स. | विषय | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | नेपाली | ५ | १०० |
| २ | अङ्ग्रेजी | ५ | १०० |
| ३ | गणित | ५ | १०० |
| ४ | विज्ञान | ५ | १०० |
| ५ | सामाजिक अध्ययन | ५ | १०० |
| ६ | स्वास्थ्य, जनसङ्ख्या र वातावरण | ५ | १०० |
| ७ | ऐच्छिक पहिलो | ५ | १०० |
| ८ | ऐच्छिक दोस्रो | ५ | १०० |
| जम्मा | | ४० | ८०० |

# परिशिष्ट (घ)

## व्यक्तिगत विवरण

**व्यक्तिगत विवरण :**

नाम : बोधराज निरौला

ठेगाना : वराहक्षेत्र नपा. वडा नं. १०, प्रकाशपुर, सुनसरी

लिङ्ग : पुरुष

धर्म : हिन्दू

राष्ट्रियता : नेपाली

जन्म मिति : २०३८/५/८

नागरिकता नं. : ११५८९/१२५८९

जारी मिति : २०५६/१०/११

जारी ठेगाना : जिल्ला प्रशासन कार्यालय इनरुवा, सुनसरी

**इमेल ठेगाना :**

Gmail Address: bodhrajniraula10@gmail.com
Mail Address: bodhrajniraula10@yahoo.com
Mobile No: 9842227979

**अन्य विवरण :**

पान नं. : १०८४१३८२१

सवारी साधन अनुमति पत्र नं. : ३९९१९९१

समुह : (क र ख)

रगत समूह : ओ पोजेटिभ

**पारिवारिक विवरण :**

हजुर बुबाको नाम : खडानन्द निरौला

बुबाको नाम : उत्तरकुमार निरौला

आमाको नाम : सीतादेवी निरौला

श्रीमतीको नाम : तेजकला बुढाथोकी (निरौला)

## शैक्षिक योग्यता

| तह | बोर्ड | साल | श्रेणी | संस्थान | सङ्काय |
|---|---|---|---|---|---|
| प्रवेशिका | एस.एल.सी. | २०५५ | द्वितीय | श्री प्रकाश मा. वि. प्रकाशपुर, सुनसरी | अथशास्त्र, इतिहास |
| +२ | उच्च शिक्षा परिषद् | २०६७ | द्वितीय | श्री प्रकाश उच्च मा. वि. प्रकाशपुर, सुनसरी | शिक्षा (अर्थशास्त्र) |
| +२ | उच्च शिक्षा परिषद् | २०७० | द्वितीय | श्री शारदा उच्च मा. वि. रामपुर ढोक, सुनसरी | व्यवस्थापन |
| स्नातक | त्रि. वि. | २०७० | द्वितीय | सुनसरी बहुमुखी क्याम्पस इनरुवा, सुनसरी | शिक्षा (नेपाली) |
| स्नातकोत्तर | त्रि. वि. | शोधपत्र बाँकी | | जनता बहुमुखी क्याप्पस इटहरी, सुनसरी | शिक्षा (नेपाली) |

## अनुभव योग्यता

| अनुभव | संस्थान | मिति |
|---|---|---|
| एकाउन्टेन्ट | रामधुनी बतच तथा ऋण सहकारी संस्था लि. प्रकाशपुर, सुनसरी | २०५८।१।१५ देखि हालसम्म |
| वेसिक : कप्म्युटर/हार्डवयर/नेट वर्किङ्ग/डिप्लोमा कोर्स/हाउस वाइरिङ्ग | उत्तम/ ग्लोवल कम्प्युटर इटहरी, सुनसरी/पाथिभारा इलेक्ट्रोनिक सेन्टर इटहरी | २०५६।५।१५ देखि २०५६।११।१५ सम्म (वाइरिङ्ग) २०५७।६।१ देखि २०५७।११।१ सम्म (कम्प्युटर) |
| तालिम : सहकारी लेखापालन/सहकारी व्यवस्थापन/पर्ल्स/अधारभूत सहकारी शिक्षा/नेकोस प्लस सफ्टवयर | डि.स.का. इनरुवा, सुनसरी/नेफ्स्कून काठमाडौं/एक्सकुलुसिभ माइण्ड काठमाडौं | २०६६।१।७ देखि २०६६।१।१३ सम्म (लेखा) २०६८।१।१ देखि २०६८।१।५ सम्म (नेकोस) |
| तालिम : ग्रमीण कृषि विकास डाटावेस व्यवस्थापन पद्धति | महाराष्ट्र पुना भारत | २०७०।४।२५ देखि २०७०।४।२९ सम्म |
| कोपोमिस सफ्टवयर तालिम | सहकारी तथा गरिबी निवारण मन्त्रालय नेपाल | २०७४।७।२९ देखि २०७२।८।२ सम्म |
| कक्षा ११/१२ अध्यापन | श्री प्रकाश उच्च मा. वि. प्रकाशपुर, सुनसरी | २०७४।९।१ देखि हालसम्म |

# परिशिष्ट (ङ)

## पाठ ४ थाङ्का



१. नेपाल हिमाल, पहाड र तराई मधेस मिलेर बनेको छ । हिमालसँग **अथाह सौन्दर्य** र जलस्रोत छ । पहाडसँग जडीबुटी, खनिज, फलफुल र स्वस्थ **पर्यावरण** छ । तराई मधेसमा अन्नको भण्डार छ । त्यसरी नै नेपाल **बहु जातीय, बहु भाषिक, बहु धार्मिक, बहु सांस्कृतिक** देश हो । हाम्रो **पहिचान** सगरमाथाको देश, गौतम बुद्धको देश, वीर वीरङ्गनाहरूको देश जस्तै विविधतामा एकता भएको देश हो । जहाँ विविधता हुन्छ, त्यहाँ अनेक सम्भावना पनि हुन्छ । त्यसैले हामीसँग भएको विविधता हाम्रो सम्भावना र सम्पत्तिको आधार पनि हो । हाम्रो विविधताभित्र नेपाललाई **समृद्ध** बनाउने अनेक विषय छन्, आधार छन् । त्यस्तै विषय वा आधारमध्येको एउटा हो पौभा वा थाङ्का ।

२. थाङ्का भन्नाले कपडा वा कागजमाथि लेखिएको चित्र भन्ने बुझिन्छ । पौभा भन्नाले पवित्र चित्र भन्ने
हुन्छ । थाङ्कामा विशेषत: बौद्ध धर्मका देवी देवताको चित्र बनाइन्छ । यसमा **पञ्चबुद्ध**, वज्रसत्त्व,
हुन्छ । थाङ्कामा विशेषत: बौद्ध धर्मका देवी देवताको चित्र बनाइन्छ । यसमा पञ्चबुद्ध, वज्रसत्त्व,
अवलोकितेश्वर, मैत्रेयी, मञ्जुश्री, वज्रपाणि, तारा आदि पर्छन् । शाक्य मुनि बुद्धको जीवनी (जन्मदेखि

---

थाङ्का : कागत, कपडा आदिमा अङ्कित बौद्ध धर्मसँग सम्बन्धित रङ्गीन चित्र विशेष, पौभा

अथाह : ज्यादै गहिरो, थाहा पाउन गारो पर्ने

सौन्दर्य : सुन्दरता, राम्रो बनाउने तत्त्व, सुन्दर हुनाको भाव

पर्यावरण : वातावरण

बहु जातीय : धेरै जाति भएको

बहु भाषिक : धेरै भाषा भएको

बहु धार्मिक : धेरै धर्म भएको

बहु सांस्कृतिक : धेरै संस्कृति भएको

पहिचान : चिनाजानी, कुनै वस्तुको गुण, मूल्य आदिको चिनारी

समृद्ध : उन्नतिशील

पञ्चबुद्ध : भैरोचन, अक्षोभ्य, अमिताभ, रत्न सम्भव र अमोघ सिद्धि

**महापरिनिर्माणसम्म**) र मण्डलाका थाङ्काहरू लोकप्रिय छन् । त्यसो त थाङ्का प्रविधिबाट कृष्ण लीला, भैरव आदिका साथै नदी, रुख, लहरा, पहाड, अनेक जीवजन्तुका चित्र पनि बनाइएको पाइन्छ । थाङ्का **बुद्ध दर्शन** सिक्ने र सिकाउने महत्त्वपूर्ण पाठ्य सामग्री हो । यसलाई ध्यान सिक्ने र सिकाउने साधनका रूपमा पनि लिइन्छ । बौद्ध समुदायमा थाङ्कालाई घरमा राख्दा **मन कामना** पुरा हुने, भूतप्रेत, रोग, **अनिष्ट** आदिले वास नगर्ने र शान्ति कायम हुने जस्ता विश्वास गरिन्छ । पहिले पहिले थाङ्का धार्मिक आस्थाका साथसाथै ज्ञान र ध्यानको स्रोतका रूपमा लिइन्थ्यो । अहिले यसलाई महत्त्वपूर्ण व्यवसायका रूपमा समेत लिइन्छ ।

३. थाङ्का कलाको उत्कृष्ट रूप त हुँदै हो साथसाथै यो सुन्दर **प्रविधि** पनि हो । यसका लागि सर्वप्रथम सरेस बनाइन्छ । सरेस भनेको जनावरको छाला पानीमा उमालेर बनाइएको चिप्लो बाक्लो झोल हो । त्यसपछि सरेसमा **कमेरो माटो** हालेर पकाइन्छ र एक प्रकारको गम जस्तो **माड** तयार पारिन्छ । त्यो माडलाई **फ्रेममा** तन्काइएको सेतो कटन वा सिल्क कपडामा दलिन्छ र सुकाइन्छ । यसरी बनाइएको कपडालाई तन्काएर तिन चार पटकसम्म चिल्लो ढुङ्गा वा शङ्खले घोटिन्छ । यसो गर्दा कपडा चिल्लो हुन्छ र चित्र कोर्न योग्य बन्छ ।

४. थाङ्का कोर्ने काममा पनि विभिन्न चरण र प्रक्रिया हुन्छन् । सर्वप्रथम **खाइबाले** सिसाकलमले चित्रको **स्केच** गर्छन् । स्केच गरिएको चित्रलाई तलमाथि नपरोस् भन्ने उद्देश्यले **ट्रेसिङ पेपरमा** उतारिन्छ । त्यसपछि स्केच गरिएको चित्रमा रङ भर्ने काम हुन्छ । रङ भर्ने कामपछि चित्रलाई स्पष्ट देखिने गरी लाइन कोर्ने काम गरिन्छ । त्यसपछि सुन दलिन्छ । थाङ्कामा २४ क्यारेटको गुणस्तरीय सुन दल्ने चलन छ । यसका लागि सर्वप्रथम सुनलाई सरेससँग मिलाएर पानीमा घोलिन्छ । यसरी घोल्दा पानी माथि हुन्छ र पग्लेको सुन तल जान्छ । पगिलएको सुनको **लेपलाई** ब्रसको माध्यमबाट चित्रमा दलिन्छ र

---

महापरिनिर्माण : पूर्ण रूपमा प्राप्त हुने मोक्ष

बुद्ध दर्शन : बुद्धका विचार, ज्ञान, मान्यता आदि

मन कामना : मनको चाहना, इच्छा

अनिष्ट : हानिकारक, खराब, इच्छा गरेभन्दा उल्टो

प्रविधि : वैज्ञानिक ढङ्गले काम गर्ने तरिका

कमेरो माटो : सेतो रङको एक प्रकारको माटो

माड : कुनै अन्न आदि पकाएर बनिएको लेदो, खोले

फ्रेम : तस्बिर, ऐना आदि राख्न बनाएको बार, चौघेरा

खाइबा : जान्ने मान्छे, विज्ञ

स्केच : चित्रको प्रारम्भिक रूपरेखा

ट्रेसिङ पेपर : चित्र उतार्ने पारदर्शी कागज

लेप : लिप्ने वा पोत्ने वस्तु, चन्दन

सुकाइन्छ । सुन लगाउने काम सकिएपछि चित्रलाई टल्काइन्छ । अन्त्यमा चित्रमा रहेका देवी देवताको अङ्गहरू स्पष्ट रूपमा देखिने गरी खोल्ने काम गरिन्छ र थाङ्का तयारीको सम्पूर्ण चरण पुरा हुन्छ ।

५. थाङ्कामा आवश्यकताअनुसार विभिन्न रङको प्रयोग गरिन्छ । कुन देवी देवताको कस्तो चित्र बनाउने र कुन कुन रङ प्रयोग गर्ने भन्ने आफ्नै नियम हुन्छ । देवी देवताका आआफ्ना रङ हुन्छन्, जस्तै : पञ्च अमिताभ रातो, मेडिसियन निलो, भैरोचन सेतो, अमोघ सिद्धि हरियो र शाक्यमुनि पहेँलो । त्यसरी नै बज्रसत्व, अवलोकितेश्वर, सेतो तारा आदि सेतो रङका हुन्छन् । मञ्जुश्री र ज्याम्बला पहेँलो, मैत्रेयी निलो, हरियो तारा हरियो आदि रङका हुन्छन् । बुद्धको जीवनी, जीवन चक्र र मण्डलामा विभिन्न रङको संयोजन गरिन्छ । साथै मुख्य देवी देवताको आफ्नो अलग्गै एउटा रङ भए पनि पृष्ठभूमिमा भने विभिन्न रङको संयोजन गरिएको हुन्छ । कहाँ कस्तो रङ लगाउने भन्ने कुराको निधो खाइबाले गर्छन् । थाङ्कामा प्रयोग गरिने रङ पहिले पहिले रुखका पात, बोक्रा, जरा, खानीबाट निस्किएको रासायनिक वस्तु आदिबाट तयार पारिन्थ्यो । अचेल बजारमा किन्न पाइने रङको समेत उपयोग गर्न थालिएको छ ।

६. थाङ्काको सुरुआत दसौँ शताब्दीतिरबाट भएको मानिन्छ । त्यति बेला नेपाल र तिब्बतका बिचमा स्वतन्त्र रूपमा आवत जावत हुन्थ्यो, राम्रो व्यापारिक सम्बन्ध थियो । नेपालीहरू तिब्बतमा व्यापार व्यवसाय मात्र होइन, घर गृहस्थी गरेर बस्थे । त्यतिबेला नेपाल तथा तिब्बतका बौद्धमार्गीहरूमा कपडामा लेखिएका देवी देवताको पूजा गर्ने चलन थियो । पहिले सामान्य कपडामा सामान्य रूपमा चित्र लेख्ने गरिन्थ्यो । पछि त्यसलाई टिकाउ र कलात्मक बनाउन थालियो । त्यही टिकाउ र व्यवस्थित बनाउने क्रममा थाङ्का जन्मियो । तिब्बत र चिनमा नेपाली कलाकारहरूलाई झिकाएरै कला सिर्जना गर्न लगाइयो । त्यसैले नेपाली कलाकारहरूले तिब्बत र चिनमै गएर पनि थाङ्का लेख्न थाले । पछिल्लो समयमा थाङ्का नेपाल, तिब्बत र भुटानसहितको हिमाली बौद्धमार्गीहरूको पहिचान बनेको छ ।

७. थाङ्का कलाप्रेमीहरूका लागि उत्कृष्ट कलाकृति, बौद्धमार्गीहरूका लागि **आस्थाको प्रतीक** र शान्तिप्रेमीका लागि शान्तिको प्रतीक हो । थाङ्का बौद्धमार्गीहरूमा लोकप्रिय छ । **गुम्बाहरूमा** र घर घरमा समेत थाङ्कालाई सजाइन्छ र पुजिन्छ । लामा बौद्ध समुदायमा त हरेक मृतकका नाममा एउटा थाङ्का अनिवार्य रूपमा चाहिन्छ । बौद्धमार्गीहरूमा अलग अलग इष्ट देवताहरू हुन्छन् । मान्छे

---

मौलिक : मुख्य, नवीन, अरूको आधार नलिएको

आस्था : भित्री दिलदेखिको सम्मान, विश्वास

प्रतीक : चिह्न, सङ्केत, चिनो

मर्दा उसको इष्ट देवताअनुसार अलग अलग थाङ्का चाहिन्छ । मृतकका नामको थाङ्का घरमा पूजा गरिन्छ वा गुम्बाहरूमा चढाइन्छ । त्यसो त थाङ्का बौद्धमार्गीहरूले मात्र होइन, अरूले पनि किन्छन् । कला मन पराउनेहरू सुन्दर कलाका रूपमा यसलाई किन्छन् । नेपाल घुम्न आउने कतिपय पर्यटकले बुद्ध जन्मिएको भूमिको **चिनो**का रूपमा पनि थाङ्कालाई किन्ने गरेका छन् । पछिल्लो समयमा थाङ्काको कला र प्रविधि प्रयोग गरेर अरू धर्मका देवी देवताको चित्रहरू पनि बनाउन थालिएको छ । त्यसैले थाङ्का सबैको प्रिय छ ।

८. **विश्वव्यापीकरण**को अहिलेको युगमा नेपाल जस्ता विकासोन्मुख देशले विकसित देशका उत्पादनसँग **प्रतिस्पर्धा** गर्न गारो हुन्छ । त्यसैले संसारभर बिक्न सक्ने आफ्ना मौलिक उत्पादनहरूको प्रवर्धन गर्न आवश्यक छ । त्यस्ता मौलिक वस्तुको **प्रवर्धन** गर्न सक्दा मात्र मुलुकको आर्थिक उन्नति सम्भव हुन्छ । थाङ्का बुद्ध सम्बन्धी कलाको उत्कृष्ट रूप हो । यो हिमाली क्षेत्रको मौलिक कला हो । बुद्ध र हिमाल दुवै नेपालका पहिचान हुन् । यसरी नै नेपाल पर्यटकहरूको सुन्दर **गन्तव्य** हो । विश्वको सर्वोच्च शिखर सगरमाथालगायतका सुन्दर हिमालहरू, सुन्दर ताल, झरना, नदीनाला, पहाड, तराई समेतको सुन्दर प्रकृति पर्यटकहरूका लागि प्रमुख आकर्षण हो । साथसाथै भाषिक सांस्कृतिक विविधता र मौलिक कलाकृति भएको देश हुनाले पनि नेपाल पर्यटकहरूको रोजाइमा पर्ने देश हो ।

९. नेपालमा हरेक जाति, समुदायका आफ्ना मौलिक सिप, प्रविधि र उत्पादन छन् । हामीसँग धातु, काठ, ऊन, बाँस, माटो, पात, कपास आदिका सामान बनाउने आफ्नै प्रकारको सिप र प्रविधि थियो, अझै छ । हाम्रा आफ्नै मौलिकतामा राडी पाखी, गलैंचा, कागज, कपडा, भाँडाकुँडा, मूर्ति आदिको उत्पादन हुने गरेको पाइन्छ । विश्वव्यापीकरणको बढ्दो प्रभावसँगै **आयातित** उत्पादनको बढ्दो प्रयोगले हाम्रा मौलिक उत्पादनहरू सङ्कटमा पर्दै गएका छन् । यसैले हामीले हाम्रा मौलिक उत्पादनलाई प्रवर्धन गर्नु आवश्यक छ । थाङ्का हामीले प्रवर्धन गर्नै पर्ने त्यस्तै मौलिक उत्पादन हो ।

१०. कपडा, जनावरको छाला, कमेरो, पानी, रङ, सुन आदि थोरै कच्चा पदार्थबाट थाङ्का निर्माण हुन्छ । यसका लागि चाहिने कपडा सजिलै उपलब्ध हुन्छ । जनावरको छाला, कमेरो, पानी, ढुङ्गा जस्ता स्वदेशी कच्चा पदार्थ सजिलै र सस्तोमा उपलब्ध हुन्छन् । थाङ्काका लागि चाहिने अलिक महँगो

---

चिनो : सम्झनाका रूपमा रहने कुनै वस्तु

विश्वव्यापीकरण : संसारभरि फैलाउने प्रक्रिया, भूमण्डलीकरण

वस्तु भनेको सुन हो, त्यो पनि **अप्राप्य** छैन । थाङ्का बनाउने **विज्ञ** र कामदारहरू स्वदेशमै उपलब्ध छन् । यसको निर्माणमा वातावरणीय **क्षति** हुँदैन, **पेट्रोलियम** पदार्थको आवश्यकता पर्दैन । पातलो र नरम कपडामा बनाइने चित्र भएकाले यो हलुका हुन्छ । यसलाई पट्याएर, दोबारेर पनि सजिलै ओसार पसार गर्न सकिन्छ र ढुवानी खर्च धेरै लाग्दैन । एउटा सानो कोठामा पनि उत्पादन गर्न सकिन्छ । यसैले यसको उत्पादन लागत सस्तो पर्छ । उत्पादन लागतका तुलनामा यसको मूल्य भने धेरै छ । यो कला कृतिका साथै आस्थाको प्रतीक भएकाले राम्रो मूल्यमा यसको बिक्री हुन्छ । एउटा थाङ्का पाँच सात सयदेखि लाखौँ मूल्यमा पनि बिक्री हुन्छ । त्यसैले थाङ्का उत्पादक र व्यापारीलाई राम्रै फाइदा हुन्छ । थाङ्का बनाउने विज्ञ र कामदारहरूले राम्रो पारिश्रमिक त पाउँछन् नै साथसाथै कला सिर्जनाबाट प्राप्त हुने सन्तुष्टि पनि पाउँछन् । यसबाट बेरोजगारी समस्या समाधानमा सहयोग पुग्छ । यसको बजार देशबाहिर पनि भएकाले विदेशी मुद्राको आर्जन हुन गई मुलुकको वैदेशिक व्यापारमा सकारात्मक प्रभाव पर्छ । यसबाट नेपाली कला, नेपाली संस्कृति र नेपालमा जन्मिएका बुद्धका बारेमा संसारभर प्रचार प्रसार भई नेपालको इज्जत र गरिमा बढ्छ ।

११. थाङ्का नेपालीहरूको राम्रो व्यवसाय हो । धेरै मानिसहरू थाङ्का व्यवसायमा आश्रित छन् । आजभोलि अरू जातिका मानिसहरू पनि यसमा संलग्न हुन थालेका छन् । थाङ्का व्यवसायमा अपाङ्गता भएका व्यक्तिहरू समेत सहभागी हुन थालेका छन् । हजारौँ मानिसले यसलाई मुख्य पेसा बनाएका छन् । बर्सेनि अरबौँ रुपियाँका थाङ्का विदेशमा बिक्री हुन्छ । संसारमा थाङ्काका साथसाथै बुद्ध सम्बन्धी मूर्तिहरूको पनि उत्तिकै माग छ । कतिपय बौद्धमार्गीहरू थाङ्काका साथसाथै बुद्धका मूर्तिहरू पनि लैजान्छन् । नेपालमा बुद्ध सम्बन्धी मूर्तिको उत्पादन पनि हुने गरेको छ । बुद्ध र भृकुटीको जन्मथलो, कतिपय बुद्ध गुरुहरूको कर्म र ज्ञान थलोका रूपमा रहेको नेपाल संसारभरकै बौद्धमार्गीहरूको प्रमुख गन्तव्य पनि हो । यसर्थ थाङ्का र मूर्तिलाई सँगसँगै प्रवर्धन गर्न सके नेपाल बुद्ध सम्बन्धी सामग्री उत्पादन र बिक्री गर्ने संसारकै प्रमुख राष्ट्र बन्न सक्छ । हामीले हाम्रा थाङ्कालाई प्रवर्धन गरेर संसारभरको मागलाई पुरा गर्न सकेमा हाम्रा लागि वरदान साबित हुने छ ।

---

अप्राप्य : पाउन नसकिने

पाठ ९

# हाम्रो संस्कृति

१. संस्कृति मानिसको सामूहिक **जीवन शैली** हो । संस्कृतिले कुनै राष्ट्, जाति वा समुदायको सामाजिक जीवन, आर्थिक व्यवस्था, राजनीति, चाल चलन, खानपिन, पहिरन, चिन्तन आदि **अनेकन्** कुरालाई जनाउँछ । त्यस्तै भाषा, साहित्य, धर्म, कला, दर्शन, चाडपर्व, परम्परा आदिको **समष्टि** नाम नै संस्कृति हो । संस्कृतिले कुनै राष्ट्, जाति वा समुदायका मानिसका खाने तरिका, बोल्ने तरिका, सोच्ने तरिका, हिंड्ने तरिका, बस्ने तरिका आदिलाई समेत जनाउँछ । कुनै समयको समाजले त्यति बेलाको सामाजिक आवश्यकताका लागि बनाएको आचार, व्यवहार वा क्रियाकलापले निरन्तरता पाएपछि त्यो संस्कृति बन्दछ । संस्कृति कुनै पनि राष्ट्र, जाति वा समुदायलाई चिनाउने मुख्य आधार हो । संस्कृति समाजलाई **एकताबद्ध** गर्ने एउटा **कडी** पनि हो । व्यक्तिगत रूपमा मानिस भिन्न भए पनि सांस्कृतिक रूपमा त्यो एउटा समुदाय वा राष्ट्रको अङ्गका रूपमा रहेको हुन्छ ।

२. संस्कृति **आचार संहिता** पनि हो । संस्कृतिरूपी आचार संहिता पालन गराउनका निम्ति धर्मलाई संस्कृतिसँग **एकाकार** गराइन्थ्यो । अहिले पनि धर्म संस्कृति भनेर तिनलाई **अभिन्न** मानिन्छ तर धर्म र संस्कृति एउटै भने होइनन् । धर्म मूलत: ईश्वर, स्वर्ग, नरक आदि विश्वाससँग सम्बन्धित हुन्छ । संस्कृति भनेको मानिसको आचार व्यवहारसँग सम्बन्धित हुन्छ । धर्म संस्कृतिको एउटा अङ्ग हुन सक्छ । जति बेला वैज्ञानिक चिन्तनको विकास भएको थिएन, त्यति बेला यसो गरे धर्म हुन्छ, त्यसो गरे पाप लाग्छ भनेका आधारमा मानिसहरू कुनै संस्कृतिको अनुसरण गर्थे । 'पाप लाग्छ' भन्नु त्यसलाई कानुन वा नियमसँग जोड्नु हो । राजनीति र कानुन नबनेको अवस्थामा धर्म नै कानुन थियो । त्यति बेला धर्मका **आडमा**, स्वर्ग र नरकका आश र **त्रासमा** मानिसका आचार, व्यवहारहरू निर्धारित हुन्थे । अब पाप लाग्छ भनेर होइन, यसो गर्दा राम्रो हुन्छ र त्यसो गर्दा नराम्रो हुन्छ भन्ने आधार मा आचार व्यवहारहरू निर्धारित हुन्छन् ।

---

जीवन शैली : जीवन बाँच्ने तरिका

३. अबको संस्कृति पाप, पुण्य, स्वर्ग, नरक आदिका आधारमा निर्धारित हुँदैन । आजको समाज वैज्ञानिक चिन्तनतर्फ **उन्मुख** हुँदै गइरहेको छ । अब पापको **हाउगुजी**मा मात्र संस्कृति बाँच्दैन । अब विज्ञानका **सापेक्षता**मा मानिसका आवश्यकता, खुसी, सुख र मनोरञ्जनका रूपमा संस्कृतिलाई **ग्रहण** गरिन्छ । अहिले विज्ञानका सापेक्षतामा जीवनको व्याख्या हुन्छ । विज्ञान सत्य र तथ्यमा आधारित छ र यसले **प्रामाणिकता**मा विश्वास गर्छ । कुनै कुराको **अवलोकन**, जाँच र **पारख**का आधारमा मात्र सत्य नजिक पुगिन्छ भन्ने मान्यता विज्ञानको छ । अबको संस्कृति विज्ञानभन्दा पर रहन सक्तैन । हिजो हामीले मानेका कतिपय कुरा आज अन्ध विश्वासमा परिणत भएका छन् । त्यसैले अबको संस्कृति अनुमान र अन्ध विश्वासमा होइन, मानव हितका लागि र विज्ञान **सम्मत** हुन आवश्यक छ ।

४. संस्कृति भन्नासाथ हामी **पुर्खा**सँग जोडिन पुग्छौं । पुर्खाले राम्रो भनेर चलाएका चलनहरू नै संस्कृति हुन् । अर्को तरिकाले भन्दा संस्कृति पुर्खाहरूको आविष्कार हो । संस्कृति एकै दिनमा बनेको होइन । त्यसैले आफ्नो संस्कृति सबैलाई प्यारो लाग्छ । संस्कृतिसँग मानिसको आफ्नो इतिहास र **पहिचान** जोडिने भएकाले पनि त्यो सबैको प्रिय हुन्छ । त्यसैले आफ्नो संस्कृति छोड्नु हुन्न भनिन्छ ।

५. पुर्खाहरूले चलाएको र आफ्नो भन्दैमा सबै कुरा राम्रै हुन्छ भन्ने केही छैन । कतिपय कुरा राम्रा हुँदाहुँदै पनि **समय क्रम**मा ती **यथावत्** रहन सक्तैनन् । **विगत**मा त्यति बेलाको **आर्थिक प्रणाली**, सामाजिक सम्बन्ध, राजनीतिक व्यवस्था आदिका आधारमा बनेका **रीति रिवाज**, चाल चलनहरू आज उपयुक्त

---

उन्मुख : त्यतातिर फर्केको

हाउगुजी : डरलाग्दो

सापेक्षता : कुनै कुरासँग सम्बन्धित

नहुन सक्छन् । हिजोको जस्तो घर व्यवहार, **रहन सहन**, खानपान आज उपयुक्त नहुन सक्छ । हिजो माटाका घर थिए, अब सिमेन्टका बन्न थाले । चुलो चौकाको स्थान डाइनिङ टेबलले लिन थाल्यो । **सहरीकरण**सँगै घरघरै गाईवस्तु पाल्न सम्भव भएन । हिजो बिहानै उठेर घर लिप्नुपर्थ्यो, अब पुछ्नुपर्छ । काठका पिराको स्थान कुर्सीले लिएको छ । विगतमा महिलाहरूलाई घरको काममा मात्र लगाइन्थ्यो, अब महिला पनि पुरुषसरह बाहिरका काममा व्यस्त हुन थालेका छन् । साथै पुरुषहरू पनि महिलासरह घरका काममा व्यस्त हुन थालेका छन् ।

६. हो, संस्कृतिको चरित्र परम्परागत हुन्छ तर **अपरिवर्तनशील** भने हुँदैन । संसार परिवर्तनशील छ । मानिसका चाहना र आवश्यकताहरू **असीमित** छन् र निरन्तर सुख, सुविधा र नयाँ नयाँ अवसरको खोजी गर्नु मानिसको चरित्र नै हो । त्यसैले संस्कृति सदैव एकैनासको हुँदैन र हुन सक्तैन पनि । मानिसले लगाउने कपडा, खानपिन, कामधन्दा आदि बिस्तारै आरामदायी, सुखदायी बन्नेतर्फ अग्रसर हुने गर्छन् । तिनको गतिलाई रोक्न सकिँदा पनि सकिँदैन र त्यसो गर्नु उचित पनि हुँदैन । त्यसैले मानिसका आचार, व्यवहार, खानपान आदि समय समयमा **परिष्कार** भइरहन्छन् । संस्कृति मानिसले मानिसका लागि बनाएको हो, आफ्नो सजिलोका लागि बनाएको हो । त्यसैले समय, **सन्दर्भ** र आवश्यकताअनुसार संस्कृतिहरू परिमार्जित हुँदै जान्छन् । त्यसैले संस्कृति शब्दको शाब्दिक अर्थ नै परिष्कार वा **संस्कार** गरिएको भन्ने हुन्छ । जुन संस्कृति **समयानुकूल** परिमार्जित र परिष्कृत हुन्छ, त्यही संस्कृति नै लामो समय टिक्छ ।

८. नेपाल सांस्कृतिक दृष्टिले अत्यन्त समृद्ध छ । नेपालको संस्कृति भनेको विविधताको संस्कृति हो । नेपालमा वेद, पुराण आदि संस्कृत **वाङ्मयको अनुसरण** गर्ने संस्कृति छ । संस्कृत वाङ्मयको अनुसरण गर्ने हिन्दु संस्कृति संसारका विकसित संस्कृतिमध्येको एक हो । त्यस्तै नेपाल गौतम बुद्धको जन्मभूमि हो र संसारमा लोकप्रिय रहेको बौद्ध संस्कृतिको **उद्‌गम स्थल** पनि नेपाल नै हो । त्यस्तै नेपालमा श्रममा आधारित र प्रकृतिलाई पूजा गर्ने आफ्नै प्रकारको मौलिक संस्कृति पनि छ । नेपाल बहु जातीय, बहु धार्मिक, बहुभाषी देश हो। यसैले यो देश बहु सांस्कृतिक देश पनि हो। यसैले नेपालको राष्ट्रिय संस्कृति भने विविधताको संस्कृति हो ।

९. नेपालमा मधेस, पहाड र हिमालमा अलग अलग प्रकारका संस्कृति छन् र ती सबै मिलेर नेपाली राष्ट्रिय संस्कृतिको निर्माण भएको छ । हामीलाई थाहा छ, मधेसमा मिथिला, भोजपुरा, अवध आदि संस्कृतिहरू छन् । थारुहरूको आफ्नै सांस्कृतिक पहिचान छ । पूर्वी तराईमा रहेका सतार, मेचे, दनुवार, धिमाल, राजवंशीहरूका आफ्नै संस्कृतिका मौलिकता छन् । त्यसरी नै नेपालका मुस्लिमहरूको आफ्नै संस्कृति छ । पहाडमा तामाङ, गुरुङ, मगर, राई, लिम्बुका आफ्नै सांस्कृतिक पहिचान छ । हिमाली क्षेत्रमा शेर्पालगायतका विभिन्न जातिका आफ्नै प्रकारका संस्कृति छन् । यसरी देशका सबै धर्म,

११. कतिपय अवस्थामा संस्कृतिका नाममा **विकृतिले प्रश्रय** पाइरहेको हुन्छ । संस्कृति मानिसका भलाइका लागि हो । अन्ध विश्वास, **विभेद**, शोषण, **उत्पीडन** आदि संस्कृति नभएर विकृति हुन् । हामीकहाँ **दाइजो**, **तिलक**, बोक्सी, छुवाछुत, **बलिप्रथा** जस्ता खराब **प्रथा**हरू छन्, जसलाई हामीले संस्कृतिका नाममा जोगाइरहेका छौँ । घुस खाने, भ्रष्टाचार गर्ने, अरूलाई दुःख दिने, नराम्रो काम गरेर पनि धनी बन्नुपर्छ भन्ने चिन्तन र व्यवहार विकृति हुन्, संस्कृति होइनन् । चाडपर्व, पूजाआजा, जन्म, बिवाह, मृत्यु आदि हाम्रा संस्कारका अवसरमा अनावश्यक खर्च गर्ने, आडम्बर देखाउने, मादक पदार्थ सेवन गर्ने, तास, जुवा खेल्ने, झगडा गर्ने जस्ता प्रवृत्तिले प्रश्रय पाएको देखिन्छ । यस्ता क्रियाकलापहरू संस्कृति नभएर विकृति हुन् । हामीले हाम्रा मौलिक संस्कृतिको संरक्षण गर्नुपर्छ । संस्कृतिको मूल चरित्र परिवर्तनशील भएकाले आवश्यकताअनुसार तिनलाई परिमार्जन र परिष्कार गर्दै लैजानुपर्छ । संस्कृतिका नाममा देखिएका विकृतिलाई हटाउनुपर्छ ।

पाठ १३

# जय भुँडी

– भैरव अर्याल



व्यास बाजेले अठार पुराण लेखे तर
सबैभन्दा जरुरी एउटा पुराण चाहिँ लेख्न

भएको हो । अलेक्जेन्डर हुन् कि चङ्गेज खाँ हुन्, लिङ्कन हुन् कि लेनिन हुन्, नेपोलियन हुन् कि जङ्गबहादुर हुन्, बिस्मार्क हुन् कि पृथ्वीनारायण शाह हुन्, सबै नेताहरूको उद्गम स्थल भुँडी नै हो । त्यसैले भुँडी जीवनकी निर्मात्री र विश्वकी **अधिष्ठात्री** हुन्, जसको पूजाआजा गर्नु प्राणी मात्रको प्रमुख कर्तव्य हो ।

३. भुँडीको पूजाविधि देख्नलाई त्यति झन्झटिया छैन किनभने हाम्रा अरू देवदेवीलाई जस्तो चन्दन, अबिर, सिन्दुर, फुल इत्यादिको भुँडी देवीलाई जरुरत छैन । उनलाई त केवल जल र नैवेद्य भए पुग्छ । तर जल र नैवेद्यका प्रकार र मात्राहरू चाहिँ विवेचना गर्न लाग्यो भने भुँडीपूजा जस्तो अप्ठ्यारो न भीमसेन पूजा हुन्छ, न भगवती पूजा । जल मात्र कति थरी चाहिन्छन् कति थरी चिसो, तातो, सेतो, रातो, चिल्लो, खल्लो, नुनिलो, गुलियो, अमिलो, धमिलो इत्यादि । अझ नैवेद्य त के कति र कस्तो भनी बयान गरेर साध्य छैन । त्यस कारण, यसबारे पुरा जान्ने इच्छा छ भने बरु कुनै नैवेद्य विशेषज्ञले लेखेको भुँडीपूजा पद्धति पढ्नुहोला अथवा कुनै भुँडीवालसित सोध्नु भए पनि हुन्छ । यो पुराणमा त यति मात्र जनाइन्छ कि भुँडीदेवीलाई नैवेद्य चाहिन्छ । नैवेद्यको अभावमा वा कमीमा, नैवेद्यको हेलचेक्र्याइँमा वा लापर्वाहीमा भुँडी रिसाइहाल्छिन् । शङ्कर रिसाउँदा संसार **संहार** हुन्छ भनी व्यास बाजे भन्थे भने शङ्करको पनि साक्षै आमा पर्ने महामाता भुँडी रिसाउँदा के होला के नहोला, आफैँ कल्पना गर्न सक्नुहुन्छ । **विश्वामित्र** जस्ता नैष्ठिकलाई कुकुरको मासु कोच्याएको कुरादेखि लिएर विश्वका कैयौँ नेताको जुगमा क्रान्तिको आगो सल्काउँदै भुँडीदेवीले मच्चाएका घम्साघम्सी र ध्वंसाध्वंसी कसलाई थाहा छैन र ! यसैले ज्ञानमा जति गढे पनि, विज्ञानमा जति बढे पनि, विद्या जति पढे पनि, बुद्धि जति जडे पनि आखिर सबै चुलिँदै गई 'ॐ' बन्छ भनी ऋषिहरू भन्थे तर मलाई लाग्छ, त्यो एउटा अक्षर 'ओँ' होइन 'आँ' बन्छ । यसकारण प्रत्येक बिहानै 'कुखुरी काँ' को साथै प्रत्येक घरका केटाकेटीहरू मुख बाइहाल्छन् - 'आँ' ! अनि रातो रातो जल र मिठो पिठो जे जति पाइन्छ नैवेद्य चढाउँदै भुँडीपूजाको कार्यक्रम सुरु गर्नुपर्छ । घरमा होस् कि होटलमा होस्, **ब्यारेक**मा होस् कि होस्टेलमा होस्, ट्रेनमा होस् कि प्लेनमा होस्, बाटैमा होस् वा घाटैमा होस्, आखिर जहाँ भए पनि हातमुख जोर्दै सम्झनुपर्छ -

नमो देव्यै पेट देव्यै सर्व देव्यै तथैव च ।
आन्द्रा आन्द्री समेतायै भुँडी देव्यै नमो नमः ॥

---

अधिष्ठात्री : देवतामध्ये सबैभन्दा ठुली मानिएकी देवी, सरस्वती

संहार : बिग्रने, नासिने र स्वाहा हुने काम, ध्वंस, हत्या

विश्वामित्र : क्षत्रीय वंशमा उत्पन्न भएका एक महर्षि, सप्तर्षिमध्ये एक

ब्यारेक : सैनिकहरू बस्ने सरकारी घर, छाउनी, सैनिक शिविर

भुँडीपूजाको यस कार्यक्रममा अलिकति बाधा पर्‍यो भने आफ्नो भुँडी रिसाउनभन्दा पहिले घरकी बुढी रिसाउँछिन् र घुकी लाउँछिन्, तपाईंको त सिङ्गल भुँडी त हो नि । त्यसैले उनको भुँडी सारै चामत्कारिक हुन्छ । आखिर गनेर ल्याउँदा बुढाबुढीदेखि लिएर भुराभुरीसम्मका सिङ्गा भुँडीसमेत जोडी प्रत्येक घरमा सालाखाला साढे सातभन्दा कम भुँडी पाइन मुस्किल छ । अनि कतिको भुँडीपूजा कतिपल्ट गर्ने ? त्यसैले कोही कोही गुनासो गर्छन् - भुँडीपूजाको झन्झट नहुँदो हो त म के के न गर्थें । हो पनि, मान्छेलाई त्यो झन्झट नपरेको भए ऊ सत्यवादी हुन्थ्यो, **सदाचारी** हुन्थ्यो, अणुबम बनाउने खर्चले समुद्र पुर्थ्यो, आकाश उतार्थ्यो । तर मलाई लाग्छ, केवल धार्के मात्र हुने, भुँडी नभएको भए मान्छे सुत्थ्यो, **कुम्भकर्ण** सुते झैँ । अनि जङ्गल जङ्गलै रहन्थ्यो, मान्छे जङ्गलभित्रै हुन्थ्यो ।

सबैलाई थाहै छ, भुँडी स्वयम् परमेश्वरी भएकाले प्रत्येक प्राणीमा उनको अंश नभएको हुँदैन । अर्को शब्दमा प्रत्येक व्यक्ति भुँडीको एक अवतार हो । जतिसुकै सानो होस् या ठुलो होस् एउटा भुँडी हुन्छ । त्यसैले मान्छे उखान गर्छन्, 'जहाँ जान लागे पनि भुँडी संगसँगै जान्छ ।' नभन्दै **गोसाइँथान** जाने जात्रु हुन् वा अन्तरिक्षका यात्रु हुन्, सबैले सबभन्दा पहिले भुँडीको जोहो गर्नैपर्छ । कोही राष्ट्रसङ्घीय काममा लागेको होस् वा कोही मल सोहोर्न लागेको होस् । मुख्यतः सबैलाई भुँडीपूजाले नै प्रेरित गरिरहेको हुन्छ । गधा झैँ लादिन परोस् वा गाई झैँ दुहिन परोस्, कुकुर झैँ दैलैदैलो डुल्नुपरोस् वा लाटोकोसेरो झैँ रातभरि जाग्राम बस्नुपरोस्, येनकेन प्रकारेण भुँडीपूजा गर्न सकिएन भने घरबार सब पुरपार पारी कि रानीपोखरी ताक्नुपर्छ कि डाँडो काट्नुपर्छ । आखिर सत्य कुरो यही हो, 'येनकेन प्रकारेण उदरं परिपूरयेत् ।' सबैले थाहा पाएकै छन्, भुँडीपूजाको लागि हाम्रा कैयन् पुर्खाले **परचक्री**को दैलो कुरे । हलकाको नलीदेखि बन्दुकको नालीसम्म बोके । अझै कैयौँ बुढी आमा र दुलही नानीहरू भुँडीको पूजा सामान बोजन निस्केका आफ्ना छोरा र दुलाहाहरूको प्रतीक्षामा आँखा तान्दै छन् ।

त्यसैले त भनेको, प्रत्येक प्राणीमा भुँडी देवताको अंश हुन्छ । अर्को शब्दमा प्रत्येक भुँडी मिलेर देश वा समाजको विशाल भुँडी बन्छ । विशाल विशाल पनि जुट्दा भुँडीको विराट्‌रूप बोध हुन्छ । उस्तै र उस्तै भए पनि प्रत्येक भुँडीको बेग्लै आयतन हुन्छ र नैवेद्य ग्रहणका तरिका पनि विभिन्न किसिमका हुन्छन् ।

यस दृष्टिले हेर्ने हो भने भुँडीलाई मुख्यतः चार भागमा वर्गीकरण गर्न सकिन्छ ।

---

ाचारी : असल चाल चलन वा आचरण भएको

म्भकर्ण : छ महिनासम्म सुत्ने भनी प्रसिद्धि पाएको रावणको माहिलो भाइ, धेरै सुत्ने, सुताहा

ाइँथान : रसुवा जिल्लामा पर्ने लामटाङ हिमालका काखमा रहेको एक प्रसिद्ध तीर्थस्थल

चक्री : शत्रु, आफन्तबाहेक अर्को व्यक्ति

८. तीमध्ये पहिलो हो, हाँडीघोप्टे भुँडी । सकेसम्म अरू साराको भाग आफ्नै भुँडीभित्र घोप्ट्याएर दुनियाँमा भुँडीवादको सिद्धान्त लागु गर्ने हाँडीघोप्टे भुँडी सधैँ हाँडी जस्तै मुख बाइरहेका हुन्छ । कर्म न कुकर्म, शर्म न बेसर्म, धर्म न अधर्म, कुनै कुराको छान विचार नगर्ने हुनाले नैवेद्यका ठुला ठुला स्रोतहरू हाँडीघोप्टे भुँडीकै सामु घोप्टिन पुगेका छन् ।

९. दोस्रो हो, ध्याम्पे भुँडी जो हाँडीघोप्टे भुँडीभन्दा अलि सानो भए पनि स्वभावमा भने प्रायः उस्तै उस्तै हुन्छ । तेस्रो हो, टाकन टुकन भुँडी जसलाई नैवेद्य जुटाउन सत्रतिर दौडा हिन्याइँ टाकन टुकन नगरी हुँदैन । यिनका अतिरिक्त अर्को हो, ठण्डाराम भुँडी जो प्रायः खोकै रहन्छ । हाँडीघोप्टे र ध्याम्पे भुँडीले खँगारेका यी **ठण्डाराम** भुँडीहरू यहाँ मात्र होइन, पृथ्वीको भुँडीभरि 'ठाउँ न ठहर, धोको न रहर' भै भकुन्डिरहेका छन् । कति वानरको फौज झैँ धपाइन्छन् भने कति भेडाको गोठमा खाँदिन्छन् पनि । भुँडीको नैवेद्यको लोभले भुँडीवालाका जुनसुकै सर्तमाथि नाकको टुप्पामा नाली दलेर त्यसमाथि सही गर्नुपर्दा कति टाकन टुकन भुँडीहरूले हाँडीघोप्टे भुँडी झैँ हाउडे भुँडीमा पस्नुपरेको । ती कथाहरू सम्झेर सम्झी नसक्ना छन् । एसिया, अफ्रिकाका कैयौँ टाकन टुकन भुँडीहरूले अझै पश्चिम फर्केर 'भवति भवति गृहं मे देहि' भनी प्रार्थना गर्न छुटेका छैनन् ।

१०. सबलाई थाहा छ, बिसौँ शताब्दीको विराट भुँडीले सुरसाको मुख बनाएको छ । मान्छे हनुमान झैँ आकाश पाताल चहारेर कति नै ठुलो आङ फुलाओस्, भुँडीको बढ्दो आयतनको अनुपातमा उसको शक्ति सामर्थ्य हात्तीको मुखमा जिरा हुन्छ । कसलाई थाहा छैन र ? भुँडीकै लागि समुद्र तरेका भारतीयहरू भुँडीकै भाग नपुगी लङ्काबाट लर्काइँदै छन् भने भुँडीकै पिरलोले मुगलानदेखि 'ब्रह्माको मुलुक' पसेका नेपालीहरू भुँडीकै समस्याले बर्माबाट फर्काइँदै छन् ।

११. भुँडीपूजाका लागि मान्छेले के सोच्यो के सोचेन, के गर्‍यो के गरेन, बयान गरी साध्य छैन । सुरुमा काँचो तरुल र भ्याकुरले भुँडीपूजा गर्ने मान्छेले आज पृथ्वीको कुनै छेउलाई बाँकी रहन नदिई सबै चलाई नैवेद्य फलायो । तर एकले अर्काको अस्तित्व आवश्यक नठान्दा भुँडी भुँडी भकुरा भकुर गर्न थाले । बलियो भुँडी ध्याम्पे भए, ध्याम्पा ध्याम्पा जुधे, कोही हाँडी घोप्टे हुन पुगे र धेरै जसो ठन्डाराम भै भकुन्डिए । आखिर अरबौँ ठन्डाराम भुँडीहरूले ठन्डै स्वरमा चिच्याउनुपर्‍यो । भुँडीपूजा हुन्छ भने सबैको हुनुपर्छ । फलस्वरूप मार्क्सले भुँडीपूजाको समान पद्धति सोचे, भुँडीवालहरूले उनलाई उडाए तर आखिर कतिपय देशका ठन्डाराम भुँडीहरूको ध्यान त्यता नगई छोडेन ।

---

ठन्डाराम : खान नपाएर मरेको वा सकिएको भाव बुझाउने

हाउडे : आफ्नो काम, कर्तव्यमा चासो नराख्ने तर अरूसित लिने वा पाउने कुरामा ठुलो मुख बनाउने

सुरसा : पुराणअनुसार नागहरूकी आमा बताइएकी रामायण प्रसिद्ध एक राक्षसी, दुर्गाको एक नाम

भ्याकुर : जरामा माटामुनि फल्ने वनस्पति विशेष

१२. यसै यसै गरी करोडौं ठन्डाराम भुँडीहरूले भारतमा सर्वोदयको सपना देखे । लाखौं ठन्डाराम भुँडीहरूको उचित पूजाका लागि नेपालले भूमि सुधारको योजना लागु गर्नु परिरहेछ । तैपनि हाँडी घोप्टे र घ्याम्पे भुँडीहरू डयारडयार डरडर गरी भर्सेलीबाट भाग्नुपरेका बिराला भैं नाक बजाउँदै छन् । तर नैवेद्यको जोरजामका लागि कसिएका ९५ प्रतिशत भुँडीहरूको माभमा निहुँ खोज्न लागे भने उनीहरूको जुगानुजुगदेखि टन्किएको भुँडीले मादल र दमाहा भैं बज्नुपर्ने कुरा स्वत: सिद्ध भइसकेको छ । कुराको जरो यही हो ।

१३. मैले यो भुँडी पुराण पनि भुँडीदेवीकै उपासनाका लागि लेखेको हुँ । जुन दिन भूमि सुधारको महामेला सकिएर खोजे जस्तै गरी सबैले भुँडीपूजाको सौभाग्य पाउलान्, त्यसै दिन व्यास बाजेका अठार पुराणमा उन्नाइसौं महापुराणको रूपमा मेरो भुँडी पुराण कसो नजोडिएला त ?

जय भुँडी !

## अभ्यास

### सुनाइ

१. **पाठको पाँचौं अनुच्छेद सुन्नुहोस् र खाली ठाउँ भर्नुहोस् :**

(क) प्रत्येक प्राणीमा भुँडीको ......... नभएको हुँदैन । (अंश, वंश, कंश)

(ख) भुँडीपूजाका लागि हाम्रा कैयन पुर्खाले ..........को दैलो कुरे । (परोपकारी, समाज सेवी, परचक्री)

(ग) सबैले सबभन्दा पहिले ......... जोहो गर्नैपर्छ । (सम्पत्ति, भुँडी , विपत्ति)

(घ) प्रत्येक व्यक्ति भुँडीको एक ......... हो । ( अवसर, अवतार, अन्तरिक्ष)

(ङ) कैयौं बुढिया भुँडीको पूजा सामान खोज्न निस्केका आफ्ना ......... को प्रतीक्षामा आँखा ताक्दै छन् । (दुलाहा, पति, छोरा)

२. **पाठको छैटौं अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।**

३. **पाठको आठौं अनुच्छेद सुन्नुहोस् र तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) पहिलो भुँडी कुन हो ?

(ख) हाँडी घोप्टे भुँडी कस्तो हुन्छ ?

(ग) नैवेद्यका ठुला ठुला स्रोतहरू किन हाँडी घोप्टे भुँडीको सामु घोप्टिन पुगेका छन् ?

(घ) 'कुकर्म' र 'अधर्म' शब्दको निर्माण प्रक्रिया बताउनुहोस् ।

(ङ) भुँडीवादको सिद्धान्त लागु गर्न हाँडी घोप्टे भुँडी के गर्छ ?